## प्रदेश सभा

# सामाजिक विकास समिति

सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली

**बैठक संख्याः०४**

**मितिः२०८०।०२।३१**

## छलफल तथा निर्णय

निर्णय १

सामाजिक विकास समितिका लागि विनियोजित बजेटमा उल्लेखित कार्यक्रम सञ्चालन गर्नाका लागि चालु आ.व.२०७९।०८० को स्विकृत बजेट तथा कार्यक्रम मध्ये प्रदेश सभा (ब.उ.शि.नं.२०२०००११३ ) को खर्च शिर्षक २२५२२ खर्च संकेत २.७.५.१० अन्तर प्रदेश भ्रमण ( सामाजिक विकास समिति ) मा विनियोजित रकम अपुग हुने भएको र सोहि खर्च शिर्षक भित्रकै खर्च संकेत २.७.५.२२ विधेयक उपर राय सुझाव संकलन ( सामाजिक विकास समिति ) मा विनियोजित रकम रु.१० लाख यस वर्ष खर्च नहुने भएकोले आवश्यक प्रक्रिया पुरा गरि समितिलाई उक्त खर्च संकेत २.७.५.२२ मा भएको रकम खर्च संकेत २.७.५.१० मा रकमान्तर गरी बजेट उपलब्ध गराउनका लागि प्रदेश सभा सचिवालयलाई लेखि पठाउने निर्णय गरियो।

निर्णय २

सामाजिक विकास समितिको कार्यक्षेत्र भित्र पर्ने मन्त्रालय अन्तरगतका निकायहरुबाट सुदूरपश्चिम प्रदेशका कैलाली, कंञ्चनपुर, डोटी, डडेल्धुरा र बैतडी जिल्लामा आर्थिक वर्ष २०७९।०८० सालमा सम्पन्न भएका वा संचालनको अवस्थामा रहेका केही मुख्य योजनाहरुको आर्थिक र भौतिक प्रगति विवरण तिन दिन भित्र प्राप्त हुने गरि माग गर्ने निर्णय गरियो।